# संयुक्त राष्ट्रसङ्घीय
# मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल

## प्रेस विज्ञप्ति — २०६४ असोज ४

### उच्चायुक्तको कार्यालय-नेपालका प्रमुखद्वारा मानवअधिकारका प्राथमिकताहरूबारे सङ्क्षिप्त जानकारी

मानवअधिकारसम्बन्धी उच्चायुक्तका नेपालस्थित प्रतिनिधि रिचर्ड बेनेटले आगामी महिनाहरूमा उच्चायुक्तको कार्यालय-नेपालका प्राथमिकताहरूको रेखाङ्कन गर्न शुक्रबार काठमाडौंमा एउटा पत्रकार सम्मेलनको आयोजना गर्नुभयो।

सम्मेलन देहायका विषयवस्तुहरूमाथि संकेन्द्रित रह्यो:

- **सार्वजनिक सुरक्षा** र मानवअधिकारमाथि यसको प्रभाव। संविधानसभाको निर्वाचन नजिकिँदै जाँदा उच्चायुक्तको कार्यालयको अनुगमनका संकेन्द्रणहरूमध्ये एउटा मानवअधिकारको सम्मान गर्दै जनताको सुरक्षाको उपयुक्त ढङ्गबाट संरक्षण गर्न सुरक्षाफौजद्वारा स्थानीयरूपमा गरिने कारबाही हुनेछ।

- **प्रतिनिधित्व —** उच्चायुक्तको कार्यालय-नेपालले महिला तथा ऐतिहासिकरूपबाट सीमान्तकृत समुदायहरूको प्रतिनिधित्व सुनिश्चित गर्ने उद्देश्यले निर्वाचनसम्बन्धी कानुनको मस्यौदा र कार्यविधिको अनुगमन गरिरहेको छ। यसले सीमान्तकृत समुदायहरूको प्रतिनिधित्व गर्ने सङ्गठनहरूको क्षमता अभिवृद्धि गर्न मद्दत गर्ने आफ्ना प्रयासहरूलाई पनि बढाउनेछ।

- **जवाफदेहीता —** यस कार्यालयले सरकार तथा नेकपा (माओवादी)लाई विगतका मानवअधिकार उल्लङ्घनका लागि जिम्मेवारहरूलाई जवाफदेही बनाउन पनि निरन्तर आह्वान गर्नेछ। यसले बेपत्ता पारिएकाहरूसम्बन्धी आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्ड र अभ्यासहरूअनुरूप बनाउन वकालत गर्नेछ।

- **क्षमता अभिवृद्धि —** नागरिक समाज, खासगरी मानवअधिकार रक्षकहरू, नेपालमा मानवअधिकारको संवर्द्धन र संरक्षणमा प्रमुख रहेका छन्। उच्चायुक्तको कार्यालयले नागरिक समाजलाई, खासगरी उसका प्रयासहरूलाई अझ राम्ररी समन्वय गर्न सञ्जाल निर्माण गर्न यससँग मिलेर काम गर्नमा आफ्नो सहयोगलाई वृद्धि गर्नेछ। हामी राष्ट्रिय मानवअधिकार आयोगका नयाँ आयुक्तहरूसँग त्यो महत्त्वपूर्ण सङ्गठनलाई विकास गर्ने उहाँहरूको प्रयासमा हामी कसरी सहयोग गर्नसक्छौं भनेर पनि छलफल गर्नेछौं।

“नेपालको शान्ति प्रक्रियाका लागि यी आउँदा अत्यन्त महत्त्वपूर्ण महिनाहरूमा उच्चायुक्तको कार्यालयका प्रयासहरू मानवअधिकारप्रतिको सम्मान देशको रूपान्तरणको एउटा अभिन्न अङ्ग रहोस् भन्ने कुरा सुनिश्चित गर्न मद्दत गर्नेतर्फ संकेन्द्रित हुनेछन्", रिचर्ड बेनेटले भन्नुभयो।

For further information, contact Marty Logan at mlogan@ohchr.org, Tel: (+977-1) 428 0164, ext 321 or (+977) 98510 16922 (mobile), website: http://nepal.ohchr.org